Covid-19 नियन्त्रण र सतर्कता अपनाउने सम्बन्धमा जिल्ला स्तर एंव स्थानीयतहहरु समेत सम्बन्धित सबैबाट देहाय बमोजिम गर्ने गराउने निर्णय गरियो ।.

१) Covid-19 को सन्दर्भमा आवश्यक सर्तकता र रोकथामको लागी यस कालीकोट जिल्लाको प्रवेश द्धार दहि खोलामा Health Desk यहि मिति २०७६चैत्र १० गते देखि स्थापना गर्ने र यसको लागि आवश्यक पर्ने जनशक्ति प्रत्येक न.पा. र गा.पा. ले एक एक जना स्वास्थ्यकर्मी खटाउने र यसरी खटाईएका कर्मचारीको लागि सम्पूर्ण आवश्यक खर्च सम्बन्धित न.पा. र गा.पा. ले व्यवस्था गर्ने ।

२) Health Desk को संचालनका लागि आवश्यक काममा खटिने कर्मचारीका लागि आवश्यक १।१ सेट सुरक्षा सामाग्री र आवश्यक समन्वय स्वास्थ्य सेवा कार्यालयले गर्ने र सो को सुरक्षा व्यवस्थाका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सहयोग गर्ने ।

३) Covid-19 का शंकास्पद विरामीहरुलाई आइसोलेसनमा राख्न र सो को व्यवस्थापनको लागि स्वास्थ्य सेवा कार्यालय र जिल्ला आर.आर.टी.लाई जिम्मा दिने निर्णय गरियो ।

४) कोरोना भाईरस रोगको रोकथाम तथा Health Desk संचालन र व्यवस्थापनका लागि तत्कालको लागि आवश्यक पर्ने रकम रु २०,००० अक्षरेपी (बिस हजार मात्र)जिल्लाका ९ वटै पालिकाहरुले स्वास्थ्य कार्यालयलाई व्यवस्था मिलाउने ।

५) एम्बुलेन्स भएका गा.पा. र न.पा.ले आ-आफ्नो एम्बुलेन्सलाई जुनसुकै अवस्थामा प्रयोग गर्न सकिने गरि दुरुस्त राख्ने ।

६) सम्भावित प्रकोप हुन नदिन हाललाई १ महिनाको लागि साँझ ८:०० बजे देखि विहान ५:०० बजे सम्म अत्यावश्यक सवारी साधन वाहेक अन्य सवारी साधनहरुलाई आवत जावतमा रोक लगाउने ।

७) ९ वटै पालिका र सबै वडाहरुमा कोरोना भाईरस रोगको रोकथाम तथा नियन्त्रणको प्रयोजनार्थ समन्वय समिति गठन गरि कार्य प्रारम्भ गर्ने ।

८) जिल्लाका सबै पालिकाहरुका टोल टोलमा कोरोना भाईरस रोगको रोकथाम तथा सचेतनाको स्वास्थ्य कर्मी खटाई माइकिङ तथा सन्देश प्रवाह गर्ने ।

९) सबै पालिकाहरुले आफ्नो क्षमता र दक्षता अनुसार शंकास्पद विरामी ज्वरोको जाँच गरि घरमै अलग्गै बस्ने व्यवस्था मिलाउने र संकमण फैलिएका देशहरुबाट आएका नागरिकहरुको अभिलेख राखि उनिहरुको स्वास्थ्य अवस्थाको नियमित अनुगमन गर्ने र सो को दैनिक रिपोटिङ स्वास्थय सेवा कार्यालयलाई गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कालीकोट

१०) कोरोना भाईरस रोगको संकमण हुन नदिन र सो सम्बन्धी सम्पूर्ण व्यवस्थापन तथा अनुगमन गर्न देहाय बमोजिम जिल्ला आर. आर. टी. गठन गरियो ।

१)सहायक प्रमुख जिल्ला अधिकारी संयोजक
२)प्रतिनिधी नेपाली सेना सदस्य
३) प्रतिनिधी नेपाल प्रहरी सदस्य
४) प्रतिनिधी सशस्त्र प्रहरी बल सदस्य
५) प्रतिनिधी नेपाल रेडकस सोसाईटी सदस्य
६) प्रतिनिधी स्वास्थ्य सेवा कार्यालयका प्रतिनिधी सदस्य
७) प्रतिनिधी शिक्षा विकास तथा समन्वय इकाई सदस्य

११) जिल्ला स्थित राजनैतिक दल तथा संघ संस्थाहरुबाट सभा, बैठक,जस्ता कार्यकमको आयोजना नगर्ने र सबैमा सतर्कता अपनाउन आवश्यक सहयोग पुग्र्याउने ।

१२) होटल व्यवसायीहरु आ-आफ्नो होटलमा सफाई, हात धुने कार्य र Disinfection गर्ने प्रवन्ध पूर्ण रुपमा मिलाउने ।